नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(...योजना तथा अनुगमन शाखा...)

फोनः ०१.६६३१०७५
फोनः ०१.६६३३६२३
फोनः ०१.६६३५१३४

सानोठिमी, भक्तपुर

पत्र संख्याः २०७७।०७८ (यो. तथा अनु.)

मितिः २०७८।०२।२४

च. नं. ३६४

विषयः पूर्व सावधानी र उच्च सतर्कता अपनाउने सम्वन्धमा ।

श्री सामाजिक विकास मन्त्रालय, ७ वटै प्रदेश
श्री स्थानीय तह, ७५३ वटै
श्री शिक्षा विकास तथा समन्वय इकाइ, ७७ वटै

प्रस्तुत विषयमा विश्वव्यापी रुपमा देखापरेको कोभिड १९ को प्रभावसँगै विद्यालय तहको प्रत्यक्ष पठन पाठन नभएका कारण हाल मुलुकका अधिकांशं विद्यालयहरु नियमित रुपमा सञ्चालन हुन नसकेको अवस्थामा अबको केही दिन भित्रै नेपालमा पनि मनसुन भित्रिने र मनसुनको प्रभावका कारण यस बर्ष मुलुकभरी नै औषत भन्दा बढी बर्षा हुन सक्ने भनी मौसमविदहरुबाट सार्वजनिक भइरहेको व्यहोरा अवगत नै छ । यस सम्वन्धमा गत बिगत बर्षहरुमा पनि बर्षाका कारण विद्यालयहरुमा विभिन्न खालका मानवीय एवम् भौतिक क्षति भएको अवस्थालाइ मध्यनजर गर्दै यस बर्ष पर्न सक्ने अत्यधिक बर्षाका कारण बाढी, पहिरो र डुवान आदि जस्ता जोखिम रहन सक्ने हुँदा खोला-नाला, ताल-तलौया, नदी, पोखरी आदि नजिक रहेका वा गहिरो प्रकृतिको जमिन/खोंचमा अवस्थित विद्यालयहरुमा पानी पसेर अफिस तथा कक्षाकोठा भित्रका कार्पेट, पुस्तक, पत्र-पत्रिका, स्टेशनरी, शैक्षिक सामग्री लगायतका सामग्रीहरुमा क्षति हुनुका साथै कक्षाकोठा, भवन खेलमैदान, घेरावार, शौचालय, खानेपानी लगायतका भौतिक संरचनामा क्षति पुग्ने संभावना रहेकाले यस प्रकृतिको जोखिम कायम रहेका तहाँ प्रदेश/स्थानीय तह/जिल्ला मातहतका सवै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा पूर्व सावधानी र उच्च सतर्कता अपनाउने आवश्यक व्यवस्था मिलाउनु हुन यस केन्द्रको मिति २०७८।०२।२४ को निर्णय अनुसार अनुरोध छ ।

२०७८।२।२४

**रामप्रसाद शर्मा**
शाखा अधिकृत

बोधार्थ एवम् कार्यार्थः
श्री सामुदायिक तथा संस्थागत विद्यालयहरुः सवै ।